एक

# मधेसी महिलाको नागरिकता विहीनता : परिवार, समाज र राज्यमा पितृसत्ता

लक्ष्मी श्रेष्ठ

## परिचय

"मेडम म सरिता, हथिहवाबाट । हम्मे न्याय मिली की नाई ? म आफ्ना बच्चाहरू सहित आत्महत्या गर्न चाहन्छु" (हेर्नुहोस् घटना २) । राति ८ बजे मलाई एक अपरिचित महिलाले फोनमा यस्तो भनिन् । म मधेश मानवअधिकार गृह (माहुरी होम) सँग आबद्ध रहेको एक अभियन्ता तथा अधिकारकर्मी हुँ । म कतै न्याय दिने तह-तप्कामा बसेकी व्यक्ति होइन । आखिर सरितालाई आत्महत्या गर्ने सोच उत्पन्न गर्ने हद सम्मको पीडा र कष्ट दिने समस्या के होला ? फोनमा कुरा गर्दा थाहा भयो—उनी एक शिक्षित महिला हुन्, र दुई सन्तानकी आमा । आफ्नो विवाह दर्ता, नागरिकता र छोराछोरीको जन्मदर्ता बनाउन नसकेर आजित भएकी रहिछन् । त्यही हैरानी बेहोर्न गाह्रो भएपछि उनी आत्महत्या गर्ने हदसम्म सोच्न बाध्य भइछन् । उनको समस्याबारे केही समय कुरा गरेपछि अर्को दिन भेटेरै विस्तारमा कुराकानी गर्ने वाचा गर्दै उनलाई थम्थमाएँ । उनलाई कत्तिको शान्त बनाउन सकेँ, थाहा भएन । मेरो मनलाई भने रातभरि उनकै प्रश्नले हलचल मच्चाइरह्यो । महिलाका समस्या र पीडा दर्शाउने यस्ता कुरा सुन्दै आएको एक दशकभन्दा बढी भइसक्यो ।

मधेसको हकमा नागरिकता एकदमै महत्त्वपूर्ण र विवादित विषयको रूपमा रहँदै आएको छ । मधेसी महिला लगायत समग्र मधेसी जनताको नागरिकताको मुद्दालाई अघि बढाउन पहिलो मधेस आन्दोलन पश्चात् २०६३ सालमा सरकारसँग भएको सम्झौता बमोजिम नेपालभर नागरिकताको प्रमाणपत्र वितरण टोली खटाइएको थियो । लामो विवाद र

संघर्षपछि नागरिकता दिइयो । त्यस बेला गाउँ-गाउँमा गई नागरिकताको प्रमाणपत्र (यहाँ उप्रान्त नागरिकता मात्र भनिने) वितरण गरिएको थियो । तैपनि नागरिकताको समस्या सुल्झिएको छैन ।

मधेसमा समग्र मधेसी समुदायलाई नागरिकता प्राप्त गर्न केही कठिनाइ छन् । केही प्राविधिक र मनोसामाजिक समस्या पनि छन्, खास गरी महिलाका लागि । उदाहरणको लागि, कपिलवस्तुकी मखना गडरियाले ३६ वर्ष लामो संघर्ष पश्चात् माघ २०७१ नागरिकता प्राप्त गरिन्, ७३ वर्षको उमेरमा । उनले घर-परिवार, समाज, प्रशासन र केही स्थानीय राजनीतिक दलका नेतासँग हारगुहार मागेकी थिइन् । अन्त्यमा अधिकारकर्मी, अदालतको आदेश, र सञ्चार माध्यमको सहयोगबाट नागरिकता प्राप्त गरिन् ।[१] मधेसमा यस्ता धेरै मखनाले अनेक संघर्ष गर्दै आएका छन्, तैपनि न्यून संख्यामा मात्रै नागरिकता प्राप्त गर्न सफल भएका छन् ।

सकारात्मक रूपमा होस् या नकारात्मक रूपमा, मधेस र नागरिकता सम्बन्धी विषयले सञ्चार माध्यम, राजनीतिक क्षेत्र, र बौद्धिक एवं प्राज्ञिक क्षेत्रमा पनि स्थान पाइरहेको छ । मधेस-केन्द्रित दलहरूले मधेसमा भएको नागरिकताको समस्या समाधान गर्नुपर्नेमा जोड दिँदै आइरहेका छन् । पछिल्लो समयमा आमाको नामबाट नागरिकताको विषयमा सदनदेखि सडकसम्म, राष्ट्रियदेखि अन्तर्राष्ट्रिय स्तरमै पनि चर्का बहस भइरहेका छन् । यी सबै बहस राष्ट्रियतालाई केन्द्रमा राखेर गरिँदै आएका छन् । जो नागरिकता विहीन भएर आफ्नो दैनिक जीवनमा अनेक हण्डर खेपिरहेका छन्, उनीहरूलाई केन्द्रमा राखेर बहस र छलफल कमै हुने गरेका छन् ।

आमाको नामबाट नागरिकताको बहस चलिरहेको अवस्थामा आमाकै नागरिकताको सवाल भने ओझेलमा परेको छ । आमाको नामबाट पनि आफ्ना सन्तानलाई नागरिकता दिने प्रावधान स्थापित हुनुपर्छ, यसमा कुनै विमति हुनुहुँदैन । तर प्रश्न के पनि हो भने कुनै आमाकै नागरिकता वा पहिचानपत्र नभएको खण्डमा उसले कसरी आफ्ना सन्तानलाई पहिचान दिन सक्लिन् ? यसबारे भने चर्चा र बहस भएको छैन । एक अभियन्ता र अधिकारकर्मीको हैसियतले करिब एक दशक अघिदेखि महिलाका हक-अधिकारको लागि काम गर्दै आउँदा मैले नागरिकता नभएका कारण महिलाले भोग्नुपरेका अनेक दुःख-कष्ट प्रत्यक्ष देखेकी, सुनेकी छु । त्यस्ता व्यक्तिगत समस्या समाधान गर्न प्रयत्न पनि गरेकी छु । तर समस्याको जरा जस्ताको तस्तै छ ।

मैले सन् २००६ देखि महिला अधिकार र मानवअधिकारको क्षेत्रमा काम गर्न थालेँ । शुरूमा "पहिलो पाइला साथी" भन्ने संस्थामा काम गर्दा महिलाहरू दैनिक आधा दर्जनभन्दा

[१] www.onlinekhabar.com/2015/01/234476 मा उपलब्ध; चैत १२, २०७१ मा हेरिएको ।

बढी घरेलु हिंसाका गुनासा लिएर आउँथे । ती अधिकांश महिलाको विवाह दर्ता नभएको, नागरिकता नभएको, श्रीमान्ले नागरिकता नबनाइदिएको कारण त्यस्ता घटनाको उजुरी प्रक्रियामा समस्या हुन्थ्यो । त्यस बेला हामीले स्थानीय प्रहरी र प्रशासनसँग समन्वय गरेर सबभन्दा पहिले विवाह दर्ता र नागरिकता बनाउने काममा सहयोग गर्नुपर्दथ्यो । प्रहरी र प्रशासनसँग दैनिक रूपमा लड्दै नागरिकता र विवाह दर्ता गर्नमै हाम्रा दिन बित्थे ।

"दलित सामाजिक विकास केन्द्र" नामक संस्थामा काम गर्ने क्रममा गाउँ-गाउँ जानुपर्थ्यो । त्यस बेला गाउँ-गाउँमा बस्ने महिलाले पनि यही समस्या झेलिरहेको देखेँ । त्यसपछि मधेश मानवअधिकार गृहमा काम गर्न थालेँ । त्यहाँ पनि घरेलु हिंसा र लैंगिक हिंसाका पीडितसँग बढी भेटघाट हुन थाल्यो । न्यायको लागि पहल गरिदिन संस्थामा आउने मध्येमा अधिकांशको नागरिकता र विवाह दर्ता नै हुँदैनथ्यो । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुको तथ्यांक अनुसार त्यहाँ नागरिकता र विवाह दर्ता गराइदिन माग गर्दै आ.व. २०७२।७३ मा २५, २०७३।७४ मा २३, २०७४।७५ मा २४ र २०७५।७६ मा २५ ओटा उजुरी दर्ता भएका थिए । हामीले महिलाको विवाह दर्ता र नागरिकता बनाउने काममा प्रहरी र प्रशासनसँग सधैँ संघर्ष गरिरहनुपऱ्यो भने महिलामाथि भएको हिंसा कसरी अन्त्य हुन्छ भन्ने मेरो मनमा प्रश्न उठ्यो ।

मुलुक भर्खर संघीयतामा प्रवेश गरेको छ । देशमा तीन तहका सरकारले शासन गरिरहेका छन् । स्थानीय स्तरमा बलियो स्थानीय सरकार छ । स्थानीय सरकारमा ४० प्रतिशत महिलाको सहभागिता छ । तर नागरिकता, विवाह दर्ताजस्ता नैसर्गिक अधिकारबाट महिला नै वञ्चित छन् । विभिन्न कोणबाट नागरिकता सम्बन्धी बहस भइरहँदा नागरिकता विहीन महिलाहरूको वास्तविक समस्या र त्यसको प्रभावबारे बहस नहुनु दुःखद् हो । त्यस्तो बहस, अध्ययन, अनुसन्धान हुनु अति आवश्यक छ । तसर्थ, आमाको नाममा नागरिकताको कुरा गरिरहँदा आमाहरू स्वयं नै नागरिकता विहीन भएको अवस्थाबारे यो अध्ययन केन्द्रित छ ।

नागरिकता अधिकारहरूको संग्रह हो । नागरिकताले कुनै पनि व्यक्तिको पहिचान कायम गर्दै सामुदायिक जीवनमा व्यक्तिको राजनीतिक भागीदारी, मतदानको अधिकार, समुदायको विशेष संरक्षण प्राप्त गर्न प्रमाणको काम गर्दछ । नागरिकता एउटा विशेष सामाजिक, राजनीतिक तथा राष्ट्रियताको पहिचान गराउने दस्तावेज हो । उक्त पहिचानले नै व्यक्तिको अधिकार र उत्तरदायित्वलाई बोध गराउँछ । नागरिकताले व्यक्तिलाई पहिचान सहित आफ्ना व्यक्तिगत, व्यावसायिक र राजनीतिक अधिकारको उपभोग गर्ने आधार तयार गर्दछ । चुनावमा मत हाल्न, बैंकमा खाता खोल्न, घर-जमिनमा स्वामित्व राख्न, औपचारिक कानूनी रूपमा पेशा व्यवसाय गर्न, मोबाइलको सिम किन्न, राहदानी बनाउन, र कुनै सामाजिक, सामुदायिक वा राजनीतिक समूहको सदस्य बन्ने सम्मका क्रियाकलापका लागि

नागरिकता अनिवार्य हुन्छ । विभिन्न सामाजिक संघसंस्थामा काम गर्ने क्रममा मैले मधेसी समुदायका महिला परिवारबाटै नागरिकताबाट वञ्चित गराइँदै आइरहेको कुरा बुझ्ने मौका पाएँ । त्यसैको आधारमा मधेसका महिलाले बेहोरेको नागरिकताको समस्यालाई विभिन्न मञ्चमा राख्दा बेवास्ता गर्ने वा नपत्याउने गरेको पनि अनुभव गरेँ ।[२] साउन ३१, २०७५ मा होटल गौतम बुद्धमा लुम्बिनी टेलिभिजनले आयोजना गरेको नागरिकताको सवालमा मन्थन कार्यक्रममा महिलाहरूले नागरिकता प्राप्त गर्न दुई-तीन ओटा सन्तान प्रमाणको रूपमा जन्माउनु पर्ने बाध्यता रहेको लगायतका समस्या राखेपछि सरोकारवालाहरूले त्यस्ता समस्यालाई गहन रूपमा अध्ययन गरी तथ्यगत छलफल र बहसको लागि बाहिर ल्याउने उद्देश्यले यो अध्ययन गरेकी हुँ ।

मधेस-केन्द्रित विभिन्न संघसंस्थामा रहेर महिला अधिकार र मानवअधिकारका लागि काम गर्दै आउँदा प्रत्यक्ष देखेका, सुनेका, भोगेका कुराबाट म धेरै प्रभावित भएँ । त्यसैले नागरिकता विहीन महिलाका समस्यालाई बाहिर ल्याउनुपर्छ भन्ने कुरामा मैले जोड दिनुपर्छ भन्ने महसुस गरेँ । हुन त म त्यसको कुनै सिद्धान्त वा वादबारे जानकार व्यक्ति होइन । तैपनि उनीहरूकै अनुभव र भोगाइलाई प्राथमिकता दिने, उनीहरूको विचार सुन्ने र त्यसबाट नागरिकताको समस्याबारे बुझ्ने प्रयत्न गर्न थालेँ । म कार्यरत क्षेत्र अन्तर्गतकै कपिलवस्तु जिल्लामा बसोबास गर्ने महिलालाई यस अध्ययनको लागि चयन गरेकी छु । नागरिकता नपाउँदाको अड्चन वा नागरिकता पाउन उनीहरूले गर्नु परेको मेहनत बारेको अनुभवलाई यहाँ प्रयोग गरेकी छु । मधेश मानवअधिकार गृहमा चैत्र २०६९ देखि निरन्तर महिलाहरूको नागरिकता सम्बन्धी समस्या आउने गरेका छन् । यसरी दर्ता भएका उजुरी वा दर्ता भएका उजुरी वा घटनाको अध्ययन, हिंसा प्रभावित महिलासँगका अन्तर्वार्ता, सम्बन्धित समुदाय सँगको अन्तर्वार्ता, र स्थानीय निकायका प्रतिनिधि, सरकारी अधिकारी, समुदायका अगुवा, प्रहरी कार्यालयको प्रतिनिधि सँगको अन्तर्वार्ता यो अध्ययनका प्राथमिक स्रोत हुन् ।

साथै, अध्ययनको लागि मंसिर–माघ २०७५ मा कपिलवस्तु नगरपालिका वडा नं. ५ दलदला र वडा नं. ८ दोहनी; यशोधरा गाउँपालिका वडा नं. ८ सिहखोर र खोरिया; र कपिलवस्तु नगरपालिका वडा नं. ४ पिपरीका गाउँमा विभिन्न तहमा समूहगत छलफल र व्यक्तिगत अन्तर्वार्ता गरिएका थिए । यसको लागि जम्मा २२ जना व्यक्तिसँग व्यक्तिगत अन्तर्वार्ता र किशोरी-किशोर, महिला तथा अभिभावक समूह (१५ जना) सँग छलफल गरिएको थियो । यसै क्रममा हिंसा प्रभावित वा नागरिकताका लागि संघर्षरत महिला, स्थानीय निकायका प्रतिनिधि, सरकारी अधिकारी, समुदायका अगुवा र प्रहरी कार्यालयका प्रतिनिधिसँग बेग्लाबेग्लै स्थान र मितिमा व्यक्तिगत रूपमा अन्तर्वार्ता गरिएको थियो ।

[२] सो मन्थन कार्यक्रमबारे भदौ १, २०७५ मा *सेतोपाटी*मा प्रकाशित समाचारको लागि हेर्नुहोस् www.setopati.com/social/165342; चैत १२, २०७५ मा हेरिएको ।

साथै, मधेश मानवअधिकार गृहले २०७० सालमा नागरिकता विषयमा गरेको सानो अध्ययन, गृहमा दर्ता भएका प्रभावितहरूका निवेदन, सञ्चार माध्यममा प्रकाशित समाचार, विभिन्न मञ्चमा नागरिक समाजका प्रतिनिधिद्वारा उठाइएका विचारले पनि यस अध्ययनको विषयवस्तुलाई गहन बनाउन सघाएको छ ।

अध्ययनको लागि कुराकानीको क्रममा कपिलवस्तु नगरपालिकाको बरन्डीहवा गाउँका महिलाले आफ्ना समस्या बताउन र जानकारी दिन असहज मानेका थिए । त्यस्तो किन भन्ने मेरो प्रश्नमा उनीहरूका अभिभावक र घरपरिवारले, खास गरी श्रीमान्ले, थाहा पाएको खण्डमा उनीहरूलाई अप्ठ्यारो पर्ने कुरासँग म जानकार भएँ । उनीहरूको बुझाइमा अभिभावकसँग नागरिकताको माग गर्नु भनेको अभिभावकको विरोधमा बोल्नु हो । नागरिकता मागियो भने परिवारप्रति विश्वास नगरेको ठानिन्थ्यो । त्यसले सूचना संकलनमा चुनौती थपेको थियो ।

## नागरिकताको दाबी : वञ्चितीकरणमा गुणात्मक वृद्धि

### *पारिवारिक अड्चन*

नागरिकता प्राप्त गर्न महिलाहरूलाई सबभन्दा पहिले पारिवारिक तहबाट समस्या पर्ने गरेको छ । विशेषतः सम्पत्तिमाथि दाबी गर्ने डरका कारण उनीहरूको नागरिकता नबनाउने गरिन्छ । नागरिकता प्राप्त गरेपछि श्रीमतीले सम्बन्ध विच्छेद गरेर सम्पत्तिमा दाबी गर्न सक्छन् भन्ने सोच व्याप्त छ । छोरीको नागरिकता बनाइएमा विवाह गरेर गएपछि पनि माइतीको सम्पत्तिमा दाबी गर्न सक्छन् भन्ने त्रास अर्को छ । नागरिकता बनाइदिएपछि श्रीमती वा छोरीलाई आफ्नो काबुमा राख्न सकिँदैन, छोरा नभएको खण्डमा अर्को विवाह गर्न पाइँदैन भन्ने भ्रम पनि छ । घटनासँग जोडिएका पुरुषहरू (श्रीमान्, ससुरा र बुबा) सँग छलफल गर्दा यस्ता भय र भ्रम अगाडि आएका हुन् । यसले पारिवारिक तहमा महिलामाथि कम विश्वास गरिने र कमजोर अवस्थामा वा नियन्त्रणमा राखिराख्न नागरिकता नबनाइदिने गरेको देखाउँछ । मखना गडरियाको घटनाले त्यो कुरा प्रस्ट हुन्छ ।

मधेसका गरिब, दलित, र महिलाको सन्दर्भमा सामाजिक न्यायको अवस्था घरपरिवारदेखि लिएर समाज र राज्यसम्म कस्तो छ भन्ने कुरा मखनाको पीडाबाट प्रस्ट हुन्छ । राजनीतिक दलको नेतृत्व तहमा तिनैको पहुँच छ जो सामाजिक न्यायको विरुद्धमा छन् । यो घटनाले राजनीतिक दलका नेता समेत न्यायको पक्षमा छैनन् भन्ने देखाएको छ । यसको व्याख्या अर्को खण्डमा गरिएको छ ।

**घटना १ : नागरिकताको विपक्षमा परिवार, समाज र प्रशासन**

मखना गडरिया अहिले ७८ वर्षकी भइन् । उनले २०७१ सालमा ७३ वर्षको उमेरमा नागरिकता प्राप्त गरिन् । उनी एकल महिला हुन् । जीवित छँदा उनका श्रीमान् कल्लुले उनको नागरिकता बनाइदिएनन् । श्रीमान्को मृत्युपछि उनले सम्पत्तिमाथि दाबी गर्ने त्रासका कारण परिवारले नागरिकता बनाइदिन मानेनन् । त्यसपछि उनी आफ्नो समस्या लिएर स्थानीय राजनीतिक दलकहाँ पुगिन् । राजनीतिक दलका प्रतिनिधिहरू समाजमा विभिन्न ओहोदामा रहेका उनका परिवारका पुरुष सदस्य विरुद्ध मौन रहे । सामाजिक रूपमा उनी एक्लो भइन् ।

मखनाको पहिलो विवाह कल्लुकै कान्छा भाइसँग भएको थियो । कल्लुका भाइको निधनपछि मखना एक्ली भइन् । उता कल्लुकी श्रीमतीको पनि निधन भयो । त्यसपछि कल्लु र मखना (जेठाजु र बुहारी) बीच प्रेम सम्बन्ध चल्यो । केही समयपछि मखना गर्भवती भइन् । यो कुरा गाउँमा सर्वत्र चर्चा भएपछि पञ्चायतले दुवैलाई दोस्रो विवाह गराइदिए । कल्लुकी पहिली श्रीमतीबाट तीन छोरा थिए । मखनाका पहिलो श्रीमान् पट्टिबाट एक छोरा मात्र थिए । मखनाले फेरि कल्लुबाट एक छोरा र एक छोरी जन्माइन् । तर छोराको अकालमै मृत्यु भयो ।

कल्लु परिवारको नाममा कपिलवस्तुको सिशवा गाउँमा ६ बिघा जमिन छ । कल्लुकी पहिली श्रीमतीबाट जन्मेका तीन छोरा जवान भएपछि परिवारमा समस्या देखापर्न थाल्यो । मखनालाई आफू र आफूपट्टिका छोराछोरीले सम्पत्ति नपाउने त्रास जाग्यो । कल्लुलाई नागरिकता बनाइदिन आग्रह गरिन् । जेठी तर्फका छोराहरूले त्यसको विरोध गरे । उनीहरूले आफ्नै बुबालाई कुटपिट समेत गरे । २०५७ सालमा कल्लुको मृत्यु भयो । मखना बिचल्लीमा परिन् । पतिको निधनपछि मखनालाई गाउँ विकास समितिबाट नागरिकताको सिफारिस बनाउन पाँच वर्ष लाग्यो । त्यसपछि बल्ल उनी २०६३ सालमा जिल्ला प्रशासन कार्यालय तौलिहवाको प्रांगणमा पाइला राख्न सफल भइन् । यो बीचमा गाउँमा नागरिकता वितरण टोली दुई चोटि गएको थियो । तर कल्लुकी पहिली श्रीमती तर्फका छोराहरूको अवरोधका कारण मखनालाई नागरिकता लिनबाट रोक लगाइयो ।

कल्लुकी पहिली श्रीमती तर्फका जेठो छोरा सिद्धि गडरिया बिस्तारै नेपाली काँग्रेसमा लागे । उनी स्थानीय काँग्रेस नेताका विश्वासपात्र बने । आफ्नो राजनीतिक पहुँचका कारण उनीहरू मखनालाई नागरिकता नदिने र भएको सबै सम्पत्ति आफैँ हत्याउने षड्यन्त्रमा लागे । मखना कानूनी उपाय अपनाउन जिल्ला प्रशासन कार्यालय धाउन थालिन् ।

**घटना १ : क्रमश...**

त्यहाँ उनले यताबाट उता, कहिले कहाँ, कहिले कता दौडिनमै समय बिताउनुपऱ्यो। त्यसपछि उनी मधेश मानवअधिकार गृहमा गुहार माग्न पुगिन् । गृहको पहलमा अदालत पुगिन् । त्यसको लागि तराई मानवअधिकार रक्षक सञ्जालले कानूनी सहयोग गऱ्यो ।

असार २०७० मा पुनरावेदन अदालत बुटवलले जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका नाममा आदेश जारी गऱ्यो, "मखना गडरियालाई तत्काल नागरिकता दिनू ।" तर अदालतको आदेश आएको छ महिना कटिसक्दा पनि प्रशासनले आलटाल गर्दै उनलाई दौडाइरह्यो । त्यसपछि कपिलवस्तु जिल्ला प्रशासनले गाउँका पाँच जनाको सनाखत गराएर ल्याउन भन्यो । मखनाले त्यो पनि ल्याएर दिइन् । १५ दिनभन्दा बढी भइसक्दा पनि प्रशासन फाँटका कर्मचारीले उल्टै झपारे, "हाकिम साहेब नभएका बेला तपाईँ जहिले पनि आउने र किचकिच गर्ने ?" मखना भन्थिन्, "मलाई अझै नागरिकता नदिने सोच छ यिनीहरूको । केही वर्षमा म मरिहाल्छु, त्यसपछि भएभरको सम्पत्ति उनीहरूको एकलौटी हुन्छ, त्यसैकै लागि आलटाल गरिरहेका छन् ।"

*स्रोत : माहुरी होम ।*

नागरिकता भयो भने महिलाहरू घरबाहिर अर्थात् सार्वजनिक ठाउँमा कामकाज गर्न, व्यवसाय गर्न सक्छन्; त्यस्तो काम गर्ने भनेको पुरुषले हो, महिलाले होइन; केही अर्थोपार्जनको काममा महिला लागेमा पुरुषको नियन्त्रणबाट बाहिर जान्छ भन्ने डर परिवारका पुरुषमा रहेको छ । त्यसैले, त्यस्तो काम गर्न नदिन पनि महिलाहरूको नागरिकता प्राप्तिको अधिकारमाथि पुरुषद्वारा हस्तक्षेप गरिएको छ । महिलाहरू श्रीमान्कै कमाइमा घरभित्रै बसिरहून्, उनीहरूकै आदेश अनुरूप चलिरहून् भन्ने मनसायले पनि काम गरेको पाइन्छ । उदाहरणको लागि, स्थानीय प्रभावशाली व्यवसायी रवि शाह सीधै भन्छन्, "किन चाहियो श्रीमतीलाई नागरिकता ? के काम छ र ? मैले कमाएर यिनीहरूलाई पालेकै छु, चार ओटा सन्तान नै प्रमाण हुन् । यसलाई न कुनै जागिर गर्नु छ, न अरू केही ।"[३] पारिवारिक तहमा रहेको यस्तो सोच र व्यवहारले गर्दा महिलाहरू घरेलु हिंसाको शिकार भइरहेका छन् ।

[३] मधेश मानवअधिकार गृहमा असार २३, २०७५ मा उनकी श्रीमतीले न्याय प्राप्तिका पहल गरी दिन अनुरोध गर्दै निवदेन दर्ता गराएकोमा त्यसको एक हप्तापछि कृष्णनगरस्थित इलाका प्रहरी कार्यालयमा प्रहरी, नागरिक समाज, स्थानीयको रोहवरमा छलफल गर्दा शाहले यी कुरा भनेका हुन् ।

**घटना २ : नागरिकताको दाबीले निम्त्याएको घरेलु हिंसा**

सरिता साहनी (परिवर्तित नाम) भारतको मुम्बई उल्लास नगरमा हुर्किबढेकी एक शिक्षित महिला हुन् । कपिलवस्तुका एक पुरुष रोजगारको लागि मुम्बई जाँदा उनीसँग भेट भयो र दुई जनाबीच प्रेम भयो । माघ २, २०६५ मा उनीहरू राजीखुसी वैवाहिक बन्धनमा बाँधिए, पाँच/छ वर्ष मुम्बईमा बसे, र दुई सन्तान जन्माए । २०७१ सालतिर मुम्बईबाट उनीहरू नेपाल आएर कपिलवस्तुको हथिहवामा श्रीमान्‌को घरमा बस्न थाले । यहाँ आएपछि उनीहरूको अर्को एक सन्तान जन्मियो । उनीहरूको विवाह भएको दश वर्ष भयो । अहिले उनीहरूका दुई छोरी र एक छोरा छन् ।

अहिलेसम्म सरिता साहनीको विवाह दर्ता तथा नागरिकता, र बच्चाहरूको जन्म दर्ताको कुनै पनि कागजात बनाइएको छैन । तीन वर्षअघि सरिताले यी कागजात बनाइदिन परिवारसँग अनुरोध गरिन् । त्यसपछि उनीमाथि घरेलु हिंसा र भौतिक तथा मानसिक यातना दिन शुरू गरियो । उनको श्रीमान् लगायत घरपरिवारले उनलाई गालीगलौज गर्ने, शारीरिक तथा मानसिक यातना दिने काम जारी छ । ती कागजात बनाउन जाँदा प्रशासनले एकपछि अर्को तारिख दिँदै फिर्ता पठाउने गरेको छ ।

असोज २७, २०७५ मा हामी अधिकारकर्मीको एक समूह सरिता साहनीको ससुराली घर शुद्धोधन गाउँपालिकाको हथिहवा पुग्यौँ । घरमा सासू, बुहारी र तीन स-साना नानी आमाका पछि-पछि घुमिरहेका थिए । सरिताले उही समस्या हामीसामु राखिन् । ससुराले समय र पैसा नभएकोले ती कागजात नबनाएको स्पष्टीकरण दिए, केही दिनमा बनाइदिने वाचा पनि गरे, तर बनाएनन् । सरिता भन्छिन्, "मैले आफ्नो माइतीलाई गुहारेँ । छोराछोरी घरमै छाडेर माइती फर्किने सुझाव दिए । तर म आफ्ना बच्चाहरूलाई यहाँ छाडेर कसरी जाऊँ ? यहाँ बस्ने मेरो आधार पनि छैन । मैले नागरिकता बनाइदिने माग गर्दा मेरो चरित्रमा लाञ्छना लगाउँदै आएका छन् । झन् बढी यातना र कुटपिट सहनु परेको छ ।"

दाइजोको लागि ससुरा र परिवारका अरू सदस्यले श्रीमान्‌लाई अर्को विवाह गराउने मनसाय राखेका छन् । श्रीमान्‌ले परस्त्रीसँग सम्बन्ध राखेर आफूलाई मानसिक यातना पनि दिइरहेको सरिताले दाबी गरिन् ।

सरिता हथिहवाको बोर्डिङ स्कूलमा शिक्षिका थिइन् । घरबाट बाहिर निस्कनै नदिएपछि जागिर गुमाउनुपर्‍यो । छोराछोरीले समेत पढ्न पाएका छैनन् । मधेश मानवअधिकार गृहले स्थलगत अनुगमन गर्‍यो । सरिताको नागरिकता तथा विवाह दर्ता, र बच्चाहरूको जन्म दर्ता बनाउन पहल गरिरहेको छ । गृहको पहलबाट बल्लतल्ल विवाह दर्ता बन्यो ।

*स्रोत : माहुरी होम ।*

सरिता साहनी (परिवर्तित नाम) ले नागरिकता र विवाह दर्ताको माग गरेपछि घरेलु हिंसा भोग्नुपऱ्यो । उनलाई घरबाहिर निस्कन समेत रोक लगाइयो । एक निजी विद्यालयमा शिक्षकको रूपमा काम गर्दै आएकोमा सो काम गर्नबाट उनलाई प्रतिबन्ध लगाइयो । उनका बच्चाले समेत पढ्न पाएनन् (हेर्नुहोस्, घटना २) ।

महिलाले सहज रूपमा आफू नागरिक हुने अधिकार न घरपरिवारमा, न समाजमा, न सरकारको कुनै नीति, कानून या निकायमा नै अनुभूति गर्न सकेको अवस्था छ । छोरीको नागरिकता बनाउन उसको विवाह हुनुपर्ने अवस्था छ । आमाको नागरिकता बनाउन छोराको जन्म कुर्नुपर्ने अवस्था छ । आखिर किन ? ६५ वर्षकी एक दलित महिलाले नागरिकता नभएकैले वृद्ध भत्ता पाउन सक्दिनन् । उनको श्रीमान्लाई प्रश्न गर्दा उनी भन्छन्, "उनले मेरो सेवा गरिनन्, त्यही भएर मैले उसको नागरिकता बनाइनँ । अर्को विवाह पनि गरेँ ।"

एक विवाहित महिलाका सबै अधिकार उसको परिवारमा, अझ श्रीमान्मा निहित छ । श्रीमान्ले चाहेमा मात्रै उनले नागरिकता पाउने देखियो । विवाहित महिलाको नागरिकताको अधिकार प्राप्तिको कुरा श्रीमान् सँगको सम्बन्धमाथि निर्भर छ । विवाह भएको प्रारम्भिक अवस्थासम्म सबैजसो कुरा राम्रै हुने हुँदा महिलालाई नागरिकता, विवाह दर्ता लगायतको आवश्यकताबारे थाहै नहुने अवस्था छ । महिलाले नभनेसम्म परिवारका अरू कसैले त्यस्ता कुरामा चासो नै लिने गर्दैनन् । कपिलवस्तु नगरपालिका वडा नं. ४ का अध्यक्ष रविन्द्र तिवारी भन्छन्, "जसका श्रीमान्, बुबा, पुरुषहरूको नागरिकता छ, उनीहरूका श्रीमती, छोरी, बुहारीको नागरिकता बनाउन सजिलो छ । तर उनीहरू घरका महिलाको नागरिकता बनाउन सनाखत नै गर्न आउँदैनन् । विवाह भएको सालौँसाल भए पनि, उमेर पनि ४०–५० वर्ष नाघिसके पनि विवाह दर्ता नै गराएका छैनन् ।" जति बेला कुनै समयमा विवाह दर्ता, बच्चाको जन्म दर्ता र नागरिकताको खाँचो परेपछि महिलाहरूले परिवारसँग त्यसको माग गर्छन्, त्यस बेलामा उनीहरूको कुरा सुनिँदैन ।

त्यसमाथि पारिवारिक सम्बन्ध बिग्रँदै गएको अवस्थामा त्यस्तो माग गरिएमा सुनवाइ हुनेभन्दा पनि समस्या बढ्दै जाने गरेको पाइन्छ । सम्बन्ध राम्रै भए पनि दुई-तीन ओटा सन्तान भइसकेपछि मात्र श्रीमतीको नागरिकता बनाउने चलन छ । छोरी मात्रै जन्मिएको खण्डमा पनि महिलाको नागरिकता बन्न नसकेका धेरै घटना छन् ।

पारिवारिक तहमा नागरिकताबारे महिला अधिकारमाथि अड्चन गलत सोचाइ र बुझाइका कारण उब्जिएको छ । घरेलुकरण गरिएका महिलाहरूको सार्वजनिक जीवनमा प्रवेश धेरैजसो पुरुषका लागि सोचनीय र स्वीकार्य भएको छैन । उनीहरूको पुरातन हेराइ र बुझाइ अनुसार महिलालाई नागरिकता, विवाह दर्ता किन चाहियो ? आखिर जागिर गर्ने होइन, पेशा व्यवसाय गर्ने पनि होइन । घरबाहिर निस्केर, मुम्बईदेखि कतार, मलेसिया, दुबईजस्ता देशमा कमाउन जाने त आखिर श्रीमान् वा पुरुष नै हुन् । आखिर महिला

त एक श्रीमती मात्रै हो, आमा मात्रै हो भन्ने आधार र प्रमाणको लागि छोराछोरी तथा सन्तान छँदै छन् । श्रीमान्ले श्रीमती मानेर घरमा राखेकै छ, त्यसमाथि छोराछोरी सबुतका रूपमा छँदै छन् भने अरू प्रमाण र पहिचान किन आवश्यक भयो ? यस्तो मानसिकताले बेसी मात्रामा पुरुषहरूमा गहिरोसँग जरो गाडेको छ । यही मानसिकता नै नागरिकतामाथि महिलाको अधिकारमा अड्चनको मूल जड भएको छ ।

## *सामाजिक अड्चन*

मीना जयसवाल (परिवर्तित नाम) एक गृहिणी हुन् । उनको विवाह भएको १९ वर्ष पुग्यो । उनका १७ वर्षे एक छोरा छन् । तर श्रीमान्ले नागरिकता बनाइदिन मानेका छैनन् । उनी श्रीमान्बाट नागरिकता दिलाइ पाउन भन्दै भारतदेखि नेपालका विभिन्न सरकारी तथा सामाजिक संस्थामा धाइरहेकी छन् । उनका श्रीमान्को सामाजिक पहुँच र सम्बन्ध बलियो छ । माइती भारत भएकोले नेपालमा उनलाई विश्वास गर्ने र उनको कुरामा साथ दिनेको अभाव छ । उनको पक्षमा बोलिदिने कोही पनि नभएको र आर्थिक अवस्था पनि कमजोर रहेकोले न्याय पाउन नसकेको उनको दुखेसो छ (हेर्नुहोस्, घटना ३) ।

**घटना ३ : मोलमोलाइ गर्ने पीडकको अस्त्र नागरिकता**

मीना जयसवाल (परिवर्तित नाम) ले कपिलवस्तुका विजय धीरेन्द्र कुमार जयसवाल (परिवर्तित नाम) सँग १९ वर्षअघि विवाह गरिन् । उनका छोरा अहिले १७ वर्ष पुगे र उनी मामाघरमा बस्छन् । विवाह भएपछि छोरा नजन्मदै मीना श्रीमान्को मानसिक र शारीरिक यातनाको शिकार हुन थालिन् । उनलाई घर निकाला गरियो । त्यसपछि गोरखपुरस्थित माइतीमै बस्न थालिन् । उनीसँग विवाह दर्ता एवं नागरिकता छैन । उनी नेपालका विभिन्न निकायमा नागरिकताको लागि पटक-पटक धाइन् । यहाँको कानून, प्रशासनिक प्रक्रिया र कामकाजबारे जानकार नभएकोले पनि उनले धेरै दुःख पाइन् । उनले श्रीमान् विरुद्ध बहुविवाहको मुद्दा हालिन् । मुद्दाको फैसला भएको छैन ।

श्रीमान्को भनाइ छ, "ममाथि तीन ओटा मुद्दा हाले पुग्थ्यो । तर उनलाई नेपाल धाउने क्रममा जसले जे मुद्दा हाल भन्यो सबै गर्दै गइन् र अहिले ममाथि २० ओटा मुद्दा लगाइएको छ । ती सबैको वकालत खर्च कहाँबाट आउँछ ?"

मीनालाई ब्रेन ट्यूमर भएको छ । उनको स्वास्थ्य स्थिति बिग्रँदो छ । उनी भन्छिन्, "म नेपालमा न्यायको लागि धाउँदा-धाउँदा थाकेँ । हारिसकेँ । कहिलेकाहीँ त आत्महत्या गरौँ जस्तो लाग्छ ।"

**घटना ३ : क्रमश...**

उनले नागरिकताको लागि धाएको सात वर्ष नाघ्यो । मधेश मानवअधिकार गृहको सम्पर्कमा आएपछि गोरखपुर, भैरहवा, बुटवल, कपिलवस्तु, चन्द्रौटाका प्रशासनिक निकायमा धाइरहेकी छन् । संस्थाले श्रीमान्, श्रीमती र छोराबीच कुराकानी गर्ने वातावरण सिर्जना गर्‍यो । परामर्श गर्ने काम पनि गर्‍यो । १७ वर्षको उमेरमा छोराले पहिलो पटक बुबासँग भेटे । कुराकानीपछि छोरा र श्रीमतीको नागरिकता बनाउन धीरेन्द्र राजी भए । तर धीरेन्द्रको शर्त थियो, आफूमाथि लागेका सबै मुद्दा खारेज हुनुपर्छ ।

मुद्दा फिर्ता लिने कुरामा मीना राजी भइनन् । पुस ८, २०७५ मा रुपन्देही प्रशासन कार्यालयमा शान्ति सुरक्षाको व्यवस्था गरी पाऊँ भनी निवेदन पेस गरिन् । १० गते मधेश मानवअधिकार गृह लगायत अरू संस्था र पत्रकारको रोहबरमा धीरेन्द्रले १५ दिनभित्र सनाखत गरी श्रीमतीको नागरिकताको प्रमाणपत्र बनाइदिने सहमति गरे । उक्त कागज सम्बन्धित जिल्ला कपिलवस्तु प्रशासन कार्यालयमा पठाइयो । पुस २२ गते मीना र धीरेन्द्र सहित संस्थाका प्रतिनिधिबीच कपिलवस्तु जिल्ला प्रशासन कार्यालयमा बैठक भयो । प्रमुख जिल्ला अधिकारी अर्जुन पोखरेलको नेतृत्वमा बसेको बैठकले अर्को दिन स्थानीय चन्द्रौटा नगरपालिकाबाट सिफारिस ल्याई, सनाखत गरी नागरिकता बनाउने र मुद्दाहरूलाई मेलमिलाप गर्ने सहमति गर्‍यो । अर्को दिन मीना आफ्ना वकिल लिएर चन्द्रौटा नगरपालिका पुगिन् । दिनभरि छलफल हुँदा पनि समाधानको चुरो फेला परेन । उनले नागरिकता पाइनन् । किनभने उनले नागरिकता लिने हो भने श्रीमान्‌लाई सबै मुद्दाबाट उन्मुक्ति दिनुपर्ने शर्त फेरि तेर्स्याइएको थियो, जुन उनले स्वीकारिनन् ।

*स्रोत : माहुरी होम ।*

महिलाहरूको नागरिकता प्राप्तिमा पारिवारिक सम्बन्धसँगै प्रमुख बाधक तत्त्वको रूपमा रहेको छ—समाजमा स्थापित पुरुषवादी सोच र पितृसत्तात्मक सामाजिक प्रणाली । शिक्षा, स्वास्थ्य, व्यवसाय तथा रोजगारका अवसरमा महिलाहरूको कम पहुँचका कारण उनीहरूको गतिशीलता कम छ । त्यही कमीले पनि नागरिकता प्राप्तिको आवश्यकताबोध र त्यसको लागि जरुरी सक्रियतालाई प्रभावित पारिरहेको छ ।

सामान्यतः नागरिकताको लागि आवश्यक कागजात बनाउने काम समयमै भएका हुँदैनन् । जस्तै, विवाहलगत्तै विवाह दर्ता गर्ने वा बच्चा जन्मे लगत्तै जन्म दर्ता गर्ने काम गरिँदैन । व्यक्तिगत घटना दर्ता सम्बन्धी विभिन्न अभियान र कार्यक्रम सामाजिक संस्था

मार्फत सञ्चालन भए पनि, एकदमै थोरै संख्यामा मात्र व्यक्तिगत घटना दर्ता हुने गरेका छन् । नागरिकता लिनु मेरो अधिकार हो र मैले लिनुपर्छ भन्ने चेतना कम भएकोले यस्ता व्यक्तिगत घटना दर्तामा समेत ढिलाइ हुने वा आवश्यक नपरेसम्म केही गर्दै नगर्ने चलन छ । यसले नागरिकता बनाउने कामको शुरूको चरणमै समस्या रहेको संकेत गर्छ । समस्या परेपछि सामाजिक संस्था वा कानूनी उपचारका लागि दर्ता गरिएका घटनाको अध्ययन गर्दा यो कुरा थाहा भयो ।

धेरैजसो अवस्थामा विवाह लगत्तै जोडीहरूको सम्बन्ध राम्रो रहने गर्छ । सो समयमा श्रीमान् र श्रीमती कसैले पनि विवाह दर्ता र नागरिकताको विषयमा सजगता अपनाएको पाइँदैन । बच्चा जन्मेपछि जब विद्यालय भर्ना हुने उमेर हुन्छ, त्यस बेला विद्यालयले जन्म दर्ता मागेपछि मात्र जन्मदर्ता गर्नेतर्फ अभिभावकहरू लाग्ने गरेका छन् । बच्चाको जन्मदर्ता आवश्यक पर्नाले मात्रै विवाह दर्ता बनाइएको तर नागरिकता नबनाइएका उदाहरण धेरै मात्रामा छन् । शिक्षित महिलाहरू पनि नागरिकता नहुँदा बेरोजगार भएका छन् । आय आर्जनमा जोडिन नसक्दा आर्थिक स्थिति नाजुक हुने र महिलाहरू परिवार तथा समाजमा कमजोर भूमिकामा रहनु परेको छ ।

यसरी शिक्षा र रोजगारमा महिलाको गतिशीलता नहुँदा, व्यवसाय तथा रोजगारका अवसरमा पुरुषको मात्र पहुँच हुँदा महिलाको नागरिकता अधिकारमा पुरुष र पुरुषप्रधान समाजले नियन्त्रण गरेको देखिन्छ । सरिता साहनीले आफ्नो नागरिकता, विवाह दर्ता, तीन सन्तानको जन्म दर्ता र शिक्षा व्यवस्थापनको माग गर्दा परिवारको शारीरिक तथा मानसिक यातना भोग्दै आइन् । त्यही कुरा बाहिर ल्याएपछि पुरुषप्रधान समाजले उनलाई नै घरपरिवारको कुरा बाहिर, प्रहरी प्रशासनसम्म पुऱ्याई भनी आरोप लगाएको अवस्था छ ।

### *राज्य तहमा अड्चन : "माथिबाट पत्र आएको छैन"*

नागरिकता लिन अनेक पारिवारिक र सामाजिक प्रक्रिया र समस्या पार गरेर राज्य समक्ष पुगी हाले पनि महिलाहरू सरकारी संयन्त्र र प्रतिनिधिबाट समेत असहयोग र बाधा झेल्न बाध्य छन् ।

धीरेन्द्र कुमार जयसवालले जिल्ला प्रशासन कार्यालयमा मीना जयसवाल आफ्नी श्रीमती भएको कुरा पटक-पटक स्वीकारेका छन् । तर त्यही स्वीकारोक्तिलाई महत्त्वहीन पारिएको छ । मीनाले आफूलाई लगाएका मुद्दा फिर्ता लिएपछि मात्रै धीरेन्द्रले नागरिकता बनाइदिने शर्त राख्दै आएका छन्, सोही बमोजिमको कागज पनि गरेका छन् । नेपालको प्रशासनिक क्षेत्र पुरुषवादी चिन्तनले भरिएको छ भन्ने कुराको प्रमाण यसले दिन्छ । एक पुरुषले आफ्नो श्रीमतीको पहिचान पटक-पटक स्वीकारे पनि उसका निश्चित शर्त जिल्ला प्रशासन कार्यालयलाई पनि स्वीकार्य भयो । त्यही शर्तका आडमा श्रीमतीको नागरिकता

नबनाउने हक जिल्ला प्रशासन कार्यालयले उपभोग गऱ्यो । प्रशासनले श्रीमान्को मात्रै कुरा सुन्यो र पत्यायो ।

मीनाले नागरिकताको लागि आफ्नो घरपरिवारसँग विद्रोह गर्दै समाज र राज्यलाई गुहारिन् । तर उनको माग समाज र प्रशासनले जायज ठहऱ्याएनन् । उनलाई नागरिकताबाट वञ्चित गर्ने श्रीमान्कै कुरा मात्रै प्रशासनको लागि महत्त्वपूर्ण भयो । घरबाट विद्रोह गरेर बाहिर आए पनि प्रशासनिक प्रक्रियाले भने उही पीडक पुरुषकै पोल्टामा पठाइदिन्छ, जसले गर्दा पुरुषहरूलाई बलियो बनाएको छ । राज्यले आफ्नो महिला नागरिकलाई नागरिकता दिन पुरुषकै सनाखत अनिवार्य गरेको छ । घरबाट बाहिर निस्केर समाज र राज्यको ढोका ढक्ढकाए पनि समाज र राज्यले महिलालाई घरकै पुरुषकै अधिकार अन्तर्गत सुम्पेको देखिन्छ । अनेक प्रशासनिक अंकुश र बाध्यताले बाँधेर महिलाहरूमाथि पुरुष आधिपत्य कायम राखिएको छ । यसको अर्थ लोकतान्त्रिक भनिएको नेपाली राज्यले महिलालाई नागरिकताको नाममा पुरुषकै अधीनमा राखेको छ ।

मीना जयसवाल र सरिता साहनीको घटना हेर्दा पनि प्रशासनले तारिखभन्दा अरू केही दिन सकेको देखिँदैन । मीनाका श्रीमान् ठूला व्यापारी हुन् र समाजमा प्रतिष्ठित पुरुष कहलिएका छन् । उनले मीना आफ्नी श्रीमती भएको र उनीबाट १७ वर्षीय छोरा रहेको कागज गरे तापनि प्रशासनिक अधिकारीहरूलाई छोएन, उनीहरू मीनाको नागरिकताका लागि शर्त राख्ने तिनै श्रीमान्को सनाखत माग गर्छन् । यस्तो बाधा पन्छाउन सरकारी निकायका अधिकारीहरूले कानूनसम्मत स्वविवेक पनि लगाउनु परेका उदाहरण दिँदै सहायक प्रमुख जिल्ला अधिकारी रामेश्वर अर्याल भन्छन्, "कतिपय घटनामा श्रीमतीको नागरिकता बनाइदिन नचाहने श्रीमान्हरूलाई 'यो श्रीमती मेरी हो तर नागरिकता बनाइदिन्नँ' भनेर कागज गराएर पनि नागरिकता दिएका छौँ ।"[४]

यसरी कानूनसम्मत स्वविवेक अँगालिएका घटनालाई अपवादको रूपमा लिनुपर्ने अवस्था छ । धेरैजसो मामिलामा पुरुष र परिवारको पहुँच र प्रभावलाई हेर्ने गरिएका उदाहरणको कमी छैन । सामान्यतः राज्यका निकायमा हालीमुहाली र हैकम राख्नेहरूले महिलाको नागरिकता बनाउने वा नबनाउने कुरामा महिलाको घरपरिवारका पुरुषको हैसियत र पहुँच हेरेर व्यवहार गर्ने गरेका छन् । त्यसैले महिलाहरू घर र समाजसँग विद्रोह गरेर नागरिकताको लागि राज्यका निकायमा त पुग्छन्, तर त्यहाँ गरिने पुरुष हैकमलाई पोस्ने अविवेकी व्यवहारबाट झन् प्रताडित र निराश हुन पुग्छन् ।

धेरैजसो घटनामा जिल्ला प्रशासन र प्रहरीले उनीहरूका श्रीमान् र परिवारले १०–१५ दिनमा नागरिकता बनाइदिनुपर्ने गरी मिति तोकिदिन्छन् । तोकिएको मितिमा पीडितहरू प्रहरी प्रशासनमा पुग्छन् । तर फेरि अर्को तारिख दिइन्छ । तारिखपछि तारिख दिएर झुलाउने

[४] हेर्नुहोस्, www.setopati.com/social/165342; कात्तिक २५, २०७५ मा हेरिएको ।

काममा प्रशासनमाथि पुरुषको हैसियत र पहुँच प्रभावशाली रहेको हुन्छ । मीना जयसवाल भन्छिन्, "मेरो श्रीमान्ले पटक-पटक प्रशासनमा यो मेरी श्रीमती हो भनेको छ । र, १५ दिनपछि नागरिकता बनाइदिन्छु, २० दिनपछि बनाइदिन्छु भनेको छ । कागज पनि गरेको छ । तर प्रशासनले मलाई नागरिकता दिँदैन ।" यसको मतलब पुरुषको सामाजिक हैसियत र शक्तिले कानूनलाई समेत प्रभाव पारेको बुझिन्छ ।

राज्यले विवाह दर्ता नगरी बच्चाको जन्मदर्ता नबनाउने प्रावधान ल्याएपछि त्यसले आमाहरूको लागि विवाह दर्ता गर्ने सम्मको काममा सघाएको छ । तर पनि नागरिकता बनाउने काम भने सहज हुन सकेको छैन । नेपाली राज्यले विशेष गरी तराई भेगका महिलालाई आफ्नो देशको नागरिकको रूपमा पत्याउँदैन । महिलाहरूको नागरिकतामा पुरुषको सर्जमिन, विवाह दर्ता लगायतका कागजात हुँदा पनि श्रीमतीलाई नागरिकता दिन नचाहने श्रीमान्कै सनाखत अनिवार्य गरिएको छ ।

अर्कोतर्फ, घर परिवारसँग झगडा गरेर जेनतेन प्रशासनमा नागरिकता लिन पुगेका महिलालाई प्रशासनको पहिलो ढोकामै "यति धेरै उमेर हुन्जेल किन नागरिकता नबनाएको ? भारतीय हो ?" भन्ने शंकाको नजरले हेर्ने गरिन्छ र अनुसन्धान शुरू गरिन्छ । एक त परिवारले नागरिकता दिन नचाहेको अवस्था छ, त्यसमाथि राज्यले पनि शंकालु नजरबाट छानबिन गर्दै एकपछि अर्को तारिख मात्रै तोक्ने परम्परा छ । परिवार, समाज र राज्यमाथि हालिमुहाली चलाइरहेका पुरुषहरूलाई पूर्णतः विश्वास दिलाएपछि वा रिझाएपछि मात्रै महिलाले नागरिकता पाउँछे ।

भारतबाट विवाह गरेर नेपालमा आउने बुहारीले वैवाहिक अंगीकृत नागरिकता पाउने व्यवस्था छ । तर जति बेला परिवारले विभिन्न बहानामा नागरिकताबाट वञ्चित गराउन खोज्छ, त्यति बेला राज्य र प्रशासनले सहजताको वातावरण निर्माण गरिदिनुको सट्टा झन् जटिलता पैदा गर्ने गर्छन् । सर्जमिन, अदालतबाट निर्णय, सनाखत लगायतका जटिल प्रक्रियाले गर्दा राज्य प्रशासन, घरपरिवार, र समाजमा महिलाहरू पीडित छन् ।

महिलाको नागरिकता बन्न नसक्नुको अर्को कारण भारत र नेपाल बीचको खुला सीमाना र सीमा वारिपारिको रोटीबेटीको सम्बन्धबारे अतिरञ्जित बुझाइ पनि हो ।[५] भारतबाट विवाह गरी नेपाल आएका महिलाले नागरिकता पाएमा सम्पत्तिमाथि दाबी गर्ने र सम्पत्ति लिएर भारत फर्किने त्रास पनि नेपाली श्रीमान्हरूमा रहेको भेटियो । उदाहरणका

[५] यो लेखमा भारतबाट विवाह गरी नेपाल आएका महिलाहरूले नागरिकता पाउनेबारे लामो समयदेखि चल्दै आएको कानूनी बहसलाई केलाइएको छैन । बरु कानूनी रूपमा नागरिकताको लागि योग्य भए पनि परिवार, समाज, र राज्य तहबाट कस्तो अड्चन हुने गर्छ भन्ने कुरा मात्र चर्चा गरिएको छ ।

लागि १९ वर्षअघि भारतबाट नेपालमा विवाह भएकी मीना जायसवाल र उनको छोराको नागरिकता नबन्नुको पृष्ठभूमिमा सम्पन्न परिवारको सम्पत्तिमाथि दाबी हुने भय पनि छ ।

श्रीमान् नेपाली नागरिक हो र ऊसँग सबै प्रमाण छ भने श्रीमतीको नागरिकता बनाउन समस्या हुन नपर्ने हो । स्थानीय अगुवा कल्लु कोरी भन्छन्, "मेरो नागरिकता छ, सम्पूर्ण प्रमाण छ, मेरो श्रीमतीको नागरिकता बनाउन के समस्या भयो ? म नेपाली नागरिक हो भने श्रीमतीलाई नागरिकता बनाउन नमिल्ने कुरै हुँदैन ।"[६] तर सामान्यत यस्तो सहज हुन सकेको छैन । स्थानीय सरकार आएपछि प्रत्येक वडामा त्यहीँका चिरपरिचित व्यक्ति निर्वाचित जनप्रतिनिधिको रूपमा कार्यरत रहेकाले सामान्यत सहज हुनुपर्ने हो । तर वडा अध्यक्षबाट गरिएको सिफारिसलाई पनि प्रशासनले नमानेका गुनासा छन् । भारतबाट विवाह गरेर नेपाल आएका महिलालाई नेपालको कानूनबारे जानकारी नहुँदा पनि समस्या थपिन पुग्छ । पारिवारिक संरचना र सामाजिक संरचनामा रहेका पुरुषहरूको शक्तिशाली हैसियतको संयोजित रूप राज्यको संरचनामा देखिन्छ । त्यसैले महिलाहरूले राज्यबाट पाउनुपर्ने न्याय, हक अधिकारको लागि अनावश्यक दुःख र समस्या झेल्नु परिरहेको छ ।

२०६३ सालमा जन्मको आधारमा नागरिकता प्राप्त गरेका परिवारका सन्तानले नागरिकता नपाएको विषयमा मधेसवादी राजनीतिक दलका साथै अधिकारकर्मीहरूले पैरवी गरिरहेका छन् । तर स्थानीय तह र जिल्ला प्रशासनले "माथिबाट पत्र नआएको" भन्दै लाखौँ युवालाई अनागरिक बनाइरहेको अवस्था छ । यसबारे केही हदसम्म सबै जसोको चासो रहेको देखिन्छ । तर मधेसका देहात र गाउँ बस्तीका महिला (श्रीमती, छोरी, बुहारी र आमा) का नागरिकताका समस्या गुमनाम छन् । स्थानीय अधिकारकर्मीहरू समेत यस विषयमा सार्वजनिक मञ्चमा उठेको आवाजलाई स्वीकार्न तयार भएको पाइँदैन ।

## आमाको नाममा नागरिकता कि आमाकै नागरिकता ?

महिलाको नागरिकताको कुरा गर्दा छोरी-बुहारीले पाउनुपर्ने नागरिकताको कुरा उठाउने गरिन्छ, अरू महिलाको कुरा खासै उठेको पाइँदैन । नागरिकता दिलाइदिने विषयमा आमाको नामबाट नागरिकता पाउनुपर्ने कुरामा पनि अधिकारकर्मी र महिला नेतृहरूले आवाज उठाइरहेका छन् । मूलधारका आन्दोलन र राष्ट्रिय स्तरमा यो विषयमा बहस र छलफल निकै हुने गरेका छन् । तर नागरिकता दिलाइदिने तिनै आमाहरूसँग आफ्नो नागरिकता छ वा छैन भन्ने कुराको ख्याल गरेको देखिन्न । कपिलवस्तु लगायत मधेसका अधिकांश जिल्लामा अधिकांश हजुरआमा, आमा, बुहारी, छोरी र नातिनीले नागरिकता पाउन सकेका छैनन् । १६ वर्षे नातिको नागरिकता बनिसक्दा पनि ६५ वर्षिया हजुरआमा

[६] कोरीद्वारा माघ १०, २०७५ मा कपिलवस्तु नगरपालिका–५ को दलदलामा भएको अभिभावक समितिको छलफलमा व्यक्त ।

नागरिकता विहीन भएर परिवार, समाज, र राज्यबाट पाउनुपर्ने सेवा-सुविधाबाट वञ्चित छन् । त्यस्ता महिलाले आफ्ना सन्तानलाई नागरिकता दिलाउने हैसियत कसरी राख्लान् ? आफ्नै नागरिकता बनाउन पूरै जीवन संघर्ष गरिरहँदा समेत नागरिकता पाउन नसकेको महिलालाई आमाको नाममा नागरिकताको अधिकारले कसरी अधिकार सम्पन्न बनाउला ? त्यसैले आमाको नाममा नागरिकताको प्रावधानभन्दा पहिले स्वयं आमाकै नागरिकताको सुनिश्चित गरिनु आवश्यक छ ।

स्थानीय तवरमा महिलाहरूको दैनिक जीवनलाई सहज बनाउन पनि उनीहरूसँग नागरिकता हुनु आवश्यक छ । त्यही नागरिकता पाउन उनीहरूले घरपरिवारदेखि समाजसम्म, समाजदेखि राज्यका निकाय र प्रतिनिधिसम्म आफ्ना समस्या पुऱ्याउने प्रयास गर्दै आएका छन् । उनीहरूले अनेक संघर्ष गरेर हासिल भएका उपलब्धि उपभोग गर्न पनि नागरिकता आवश्यक छ । कतै ज्याला मजदुरी गरेर कमाएको पैसा होस् वा आमा-हजुरआमाबाट वा अदालतबाट मुद्दा जितेर पाएको अंश भोग गर्न होस्, यसरी पाइएको जग्गा वा पैसा समेत सुरक्षितसँग बैंकमा राख्न सक्ने अवस्था छैन । विद्यालय भर्नाका लागि बच्चाको जन्मदर्ता समेत बनाउन नसक्दाको पीडा बेहोरिरहेका महिलाहरूले आफ्नै कानूनी पहिचान र नागरिकता नपाएसम्म आफ्ना सन्तानलाई पहिचान दिन सक्ने सम्भावना नै हुँदैन ।

## निष्कर्ष

नेपालमा राजनीतिक व्यवस्थामा परिवर्तन त पटक-पटक हुँदै आएको छ, तर त्यसको तुलनामा यहाँका परिवार, समाज र राज्यको संरचना भने फेरिएको छैन । परिवार, समाज र राज्यमाथि पुरुषको प्रभुत्व कायम रहेकाले ती महिलामैत्री हुन सकेका छैनन् । यी तीन ओटै अंगको संयोजन र तिनमा एकल लैंगिक प्रभुत्वले नागरिकता प्राप्तिको महिला अधिकारमाथि ठूलो बाधा सिर्जना गरेका छन् । पारिवारिक तहमा आमा, छोरी, श्रीमती, बुहारीलाई शक्ति र सम्पत्तिबाट वञ्चित गर्न नागरिकता एक हतियारको रूपमा प्रयोग गरिएको छ । छोरीले पैतृक सम्पत्तिमा दाबी गर्लिन्, पत्नीले पतिको सम्पत्तिमाथि दाबी गर्लिन्, अधिकारसम्पन्न भएर आफ्नो नियन्त्रणबाट फुत्केलिन्, आफ्नो सेवा र सुसारमा ध्यान नदेलिन् भन्ने डर पुरुषहरूको मनमा गढेको कारण महिलाहरूले नागरिकता पाउन सकेका छैनन् ।

महिला सम्बन्धी राज्यका नीति-नियम के छन् भन्नेबारे जान्ने-बुझ्ने मौका नपाएका महिलालाई पारिवारिक स्तरबाटै नागरिकता पाउनु भनेको विशेष अधिकार पाउनु हो भन्ने खालको बुझाइ राख्न लगाइएको छ । त्यस्तो विशेष अधिकार महिलाका लागि होइन भन्ने सोच राख्ने परिवार भएकोले उनीहरूले नागरिकता पाउन लामो समय वा जीवनभरि संघर्ष गर्नु परेको छ । यस्तो गलत सोचले जन्माएको डरलाई अन्त्य गर्नु आवश्यक छ ।

अर्कोतिर, कुनै पनि प्रक्रियागत अप्ठ्यारा परेपछि मात्रै महिलाले नागरिकता लिन पहल गर्ने चलन छ । त्यसलाई तोडेर, नागरिकता प्राप्त गरेर मात्र महिलाले आफ्नो अधिकार उपभोग गर्ने आधार प्राप्त गर्न सक्छन् भन्ने कुरा बुझ्न र बुझाउनु जरुरी छ । त्यसैले, महिलाले पनि आफ्नो परिवारसँग नागरिकताको विषयमा खुलेर कुरा गर्न सक्ने वातावरण तयार हुनु पर्दछ ।

अहिले विभिन्न मञ्चमा महिलाका नागरिकता समस्या उठ्न थालेका छन् । केही महिलाले नागरिकताको अधिकार दाबी गर्न थालेका छन् । अनेकौँ बाधा पार गरेर सम्बन्धित निकाय समक्ष पुग्ने महिलाहरूलाई राज्यले फेरि पनि परिवारकै एक पुरुषको मातहतमा लगेर नागरिकता दिनमा कञ्जुस्याइँ गरेको देखिन्छ । २१ औँ शताब्दीमा पनि हाम्रो देशका महिलाले नागरिकता, विवाह दर्ता र बच्चाको जन्म दर्ताकै लागि परिवार, समाज र राज्यका पुरुषसँग गिडगिडाउनुपर्ने अवस्था कायम छ ।

राज्यका माथिल्ला तहमा नागरिकताको विषयमा जे-जति बहस र छलफल भए पनि कपिलवस्तु जिल्ला र यहाँका गाउँ-गाउँमा त्यसको कुनै प्रभाव छैन । नागरिकतामा महिलाको पहुँचको विषयमा खासै चासो र चिन्ता सार्वजनिक रूपमा देखिएको छैन । केही अनौपचारिक छलफल भए पनि महिलाको नागरिकता समस्याको नीतिगत एवं कानूनी व्यवधान कसरी हटाउन सकिन्छ भन्नेबारे छलफल हुन सकिरहेको छैन ।

आफ्नै बुबाले छोरीको र श्रीमान्ले श्रीमतीको नागरिकता नबनाइदिएको, सम्पत्तिमाथि दाबी गर्ने हक नदिनकै लागि परिवारले चार सन्तानकी आमालाई नागरिकता नबनाइदिएको तीतो सत्यसँग नीति निर्मातादेखि नागरिकताका अभियन्ताहरू परिचित हुनु आवश्यक छ । मधेसका गाउँका महिलाको नागरिकता प्राप्तिको सवाल मोफसलमा बसेर छलफल गर्ने एवं कलम चलाउनेहरूको मात्रै चासो र चिन्ताको विषय होइन । आमाको नाममा नागरिकताको बहस चलिरहँदा मीना जयसवाल र सरिता साहनीजस्ता अनगिन्ती आमाको नागरिकताको सुनिश्चित गर्न राज्यले पहल गर्नुपर्दछ ।

## धन्यवाद

यो अध्ययन गर्न अवसर दिने मधेश मानवअधिकार गृह (माहुरी होम) र मार्टिन चौतारीलाई धन्यवाद छ । यो स्वरूपमा लेखलाई ल्याइपुऱ्याउन प्रोत्साहन र सहयोग गर्नुहुने मार्टिन चौतारीका मेन्टरद्वय सोहन प्रसाद साह तथा कैलाश राईका साथै चौतारीका अन्य मित्रप्रति आभारी छु । तथ्यांक संकलनमा सहयोग गर्नुहुने माहुरी होमका लक्ष्मी चौरसिया, विषयवस्तुबारे छलफलको लागि विचार र समय दिनुहुने कपिलवस्तु नगरपालिकाका उपप्रमुख लक्ष्मी गुप्ता साव, जिल्ला प्रशासन कार्यालय कपिलवस्तुका सहायक प्रमुख जिल्ला अधिकारी रामेश्वर अर्याल, कपिलवस्तु नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष

रविन्द्र तिवारी, वडा नं. ३ वडा अध्यक्ष प्रकाश गैरे, जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका महिला तथा बालबालिका सेवा केन्द्र प्रमुख इन्दिरा गिरी, नील हिरा समाज रुपन्देहीका अध्यक्ष आनिक राना, नवजीवन संस्था कपिलवस्तुका संयोजक प्रेरणा विष्ट, महिलाको क्षेत्रमा कार्यरत दीपा श्रेष्ठ, दलित तथा महिला अधिकारको क्षेत्रमा क्रियाशील विश्राम कोरी, सचेत अभिभावक कल्लु कोरी, सामाजिक परिचालनको क्षेत्रमा क्रियाशील जमुना कहार र शिक्षिका इन्दिरा देवी चौधरीलाई धन्यवाद । सल्लाह सुझाव दिनु हुने माहुरी होमका अध्यक्ष रविन्द्रनाथ ठाकुर, महासचिव माया ज्ञवाली, रामदयाल ठाकुर र वसन्त बन्जाडेलाई धन्यवाद । मार्च ३, २०१९ मा मार्टिन चौतारीमा भएको छलफल र जुन २८–२९, २०१९ मा कपिलवस्तुमा सम्पन्न सार्वजनिकीकरण कार्यक्रममा सुझाव तथा टिप्पणी दिई यो लेखलाई परिमार्जनमा प्रोत्साहन गर्ने सम्पूर्ण सहभागीमा धन्यवाद ।